"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

पत्र संख्या:- स्वास्थ्य शाखा (२०७५/०७६) मिति:- २०७५/०७/२०

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम प्रकाशन मिति :– २०७५/०८/०२**

इलाम नगरपालिकाबाट नेपाल सरकारबाट तोकिएका औषधि तथा औषधिजन्य सामाग्रीहरु इलाम नगरपालिका अन्तरगत विभिन्न स्वास्थ्य संस्थाहरुमा निशुल्क रुपमा वितरण गर्न शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरी गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त इच्छुक औषधी व्यवसायी, औषधि सप्लायर्सहरुबाट निम्न शर्तको अधीनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. खरीद कार्य हार्ड कपि दाखिलाको माध्यमबाट मात्र गरीने भएकोले शिलबन्दि दरभाउपत्र फाराम इलाम नगरपालिकाबाट रु. १०००/- (फिर्ता नहुने गरी) संचित कोष खाता नं. ०४००३०००००००४००१००७ मा बुझाई सक्कलै भौचर पेश गरी वा इलाम नगरपालिका नगर कार्यपालिका कार्यालयमा नगदै बुझाई फर्म नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म/ संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, WHO GMP Certified प्रमाण पत्र, फर्म सञ्चालकहरुको नागरिकताको प्रतिलिपि र आ.ब. २०७४/७५ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि सम्लग्न गरी सप्लायर्स आफै वा आधिकारीक प्रतिनिधि मार्फत मिति २०७५/०८/१६ गते कार्यालय समय सम्म इलाम नगरपालिका नगर कार्यपालिका कार्यालय, इलामबाट खरिद गर्न सकिनेछ ।

२. शिलवन्दि दरभाउपत्र मिति २०७५/०८/१७ गते दिनको १२:०० बजे भित्र इलाम नगरपालिका नगर कार्यपालिका कार्यालय, इलाममा दाखिला गर्नु पर्नेछ । दर्ता भएका शिलवन्दि दरभाउपत्र मिति २०७५/०८/१७ गते दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । एक पटक पेश भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

३. शिलवन्दी दरभाउपत्रको प्रत्येक पानामा सहीछाप गरी खामको बाहिरी भागमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., ठेक्काको नाम, दरभाउपत्रदाताको नाम, मोवाइल नं., पत्राचार गर्ने आधिकारिक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । शिलबन्दि नभई पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

४. यस ठेक्का बमोजिम सप्लाई हुने औषधी तथा सामाग्रीहरु यस कार्यालयबाट स्वीकृत स्पेशिफिकेसन WHO/ GMP Certified तथा नेपाल सरकारबाट स्वीकृत भएको कम्पनिबाट उत्पादन भएको हुनु पर्नेछ ।

५. शिलबन्दि दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद गर्ने र दर्ता गर्ने कार्य हुनेछ ।

६. शिलबन्दि दरभाउपत्रसाथ जमानत बापतको रकम ने.बै.लि. इलाम स्थित इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,. ईलामको नाममा रहेको धरौटी खाता नं. ०४००३०००००००३०००४३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन (मिति २०७५/११/०५) म्याद भएको "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ ।

७. शिलवन्दि दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मात्र मान्यता दिइनेछ । म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र कागजात अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९. शिलबन्दि दरभाउपत्रपदाताहरुले एकल वा संयुक्त उपकम बनाई दरभाउपत्र पेश गर्न सक्नेछन् । तर एक दरभाउपत्रदाताले संयुक्त उपकम को साझेदार वा व्यक्तिगतमध्ये कुनै एकमात्र शिलवन्दी पेश गर्न सक्नेछन् ।

१०. यो सूचनासंग सम्बन्धित कुराहरु संशोधन भएमा सोको सूचना यस कार्यालयको सूचना पाटी वा कार्यालयको वेव साईट वा पत्रिकामा प्रकासन गरी सूचित गरिनेछ । सम्बन्धित सवैलाई नियमित सम्पर्क राख्न अनुरोध गरिन्छ ।

११. सप्लायर्स/ आपुर्तीकर्ताले आफ्नो इजाजत पत्रमा नेपाल सरकारको तोकिएको निकायबाट माग गरीएका औषधि तथा औषधि जन्य सामाग्रीहरुको सप्लाई गर्ने इजाजत उल्लेख भएको हुनुपर्नेछ ।

१२. शिलबन्दि दरभाउपत्रदाताले दरभापत्र बमोजिमको सामाग्रीहरु ईलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलामले तोकिएको स्थान सम्म पुर्‍याउनु पर्नेछ । उक्त स्थान सम्मको ढुवानी भाडा दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इलाम, १ नं. प्रदेश, नेपाल

Green Ilam

पत्र संख्याः- स्वास्थ्य शाखा (२०७५/०७६) मितिः- २०७५/०७/२०

१३. सूचनामा उल्लेख भएका कुराहरु सुचना अनुसार, नभएकाको हकमा दरभाउपत्र संवन्धी कागजात, सार्बजनिक खरिद ऐन २०६३ (संसोधन सहित), सार्बजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), इलाम नगरपालिकाको निर्णय तथा प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

१४. औषधी खरिद गर्दा सिलबन्दि दरभाउपत्रमा माग गरिएको परिमाणमा घटबढ हुन सक्नेछ।

१५. यस दरभाउपत्र अनुसार खरीद गरीने औषधि तथा औषधिजन्य सामाग्रीहरु एकै पटक वा कार्यलयले आवश्यक ठानेको अवस्थामा पटक पटक गरी २०७६/०२/३० गते सम्ममा खरिद गर्न सकिने छ।

१६. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रपत्र दाता स्वयम् आफैले बुझाउनु पर्नेछ।

१७. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी दरभाउपत्रपत्र दाताको हुनेछ।

१८. दरभाउपत्रको परीक्षण दरभाउपत्र कागजात अनुसार हुनेछ र आवश्यक सम्पूर्ण परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च कवोल दररेटमा नै समावेश गर्नुपर्नेछ। दरभाउपत्र अनुसार पेस भएका सामानहरु सप्लाई गरे पश्चात ब्रान्ड वा गुणस्तरको individual evaluation गर्न सकिनेछ, सो परिक्षण प्राबिधिक समितिले गर्नेछ। प्राबिधिक समितिको निर्णय अन्तिम हुनेछ।

१९. दरभाउपत्रपत्रदाताहरुले आफ्नो दरभाउपत्रपत्र दाखिला गर्नु अगावै दरभाउपत्रपत्रमा उल्लेखित विवरण अनुसार स्थलगत निरीक्षण गरि/ बुझि पेश गर्न सकिनेछ।

२०. खरिद गरिने औषधी तथा औषधीजन्य सामान हरुको म्याद कार्यालयमा दाखिला हुने मिति सम्ममा कम्तिमा पनि १८ महिनाको भएको हुनुपर्ने छ। साथै मौज्दातमा बाकी रहेका सामानहरुको Expiry date 3 महिना बाँकी छदा बोलपत्र दाताले अनिवार्य फिर्ता लानुपर्नेछ र सोही बरावरको सामान फेरबदल गर्नुपर्ने छ।

२०. शिलबन्दि दरभाउपत्रपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन। कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ।

२१ स्वीकृत बोलपत्रदाताले आपूर्ति गरेको सामानको भूक्तानी सामानको शर्तसम्बन्धि विवरण अनुसार भएको भनी प्रमाणित भए पश्चात् मात्र गरिनेछ।

२२. आपूर्ति हुने सामानको सम्झौता पश्चात् सामान कार्यालयको सम्बन्धित नमूना परीक्षण समितिबाट मान्य भए पश्चात जिन्सी दाखिला गरी रकम भुक्तानीको लागि प्रक्रिया अघि बढाइनेछ। माथि दरभाउपत्रमा भएका विषयहरु नेपाली वा अंग्रेजी तोकिएको नमूना अनुसार तयार गरी भर्नु पर्ने छ।

२३. प्रत्येक आपुर्ति गर्ने औषधि (प्रत्येक स्ट्रीप र भित्रि तथा बाहिरी खोलमा) तथा औषधि वा अस्पतालजन्य मालसामानहरुमा प्रस्टसंग देखिनेगरी इलाम नगरपालिकाद्वारा निशुल्क वितरीत छापिएको वा उल्लीखित व्यहोरा लेखिएको नमेटीने छाप लागेको हुनुपर्नेछ।

२४. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको स्वास्थ्य शाखा, कार्यालयको सुचना पाटी वा वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ।

**<u>शिलबन्दी दरभाउपत्रको बिबरण</u>**

| ठे.नं | विवरण | लगत इष्टिमेट रकम (मु.अ.कर तथा कन्टिन्जेन्सी वाहेक) | जमानत धरौटी राख्नुपर्ने रकम | शिलवन्दी दरभाउ पत्र फाराम खरिद दस्तुर |
|---|---|---|---|---|
| १. | निशुल्क स्वास्थ्य सेवाको लागी औषधि खरीद | 35,60,865.00 | १,०५,०००.०० | रु.१०००/- |

........................................

प्रमुख प्रशासकिय अधिकृत